नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०७८/०६/०१

## प्रेस विज्ञप्ति।

आज मिति २०७८ साल असोज १ गतेका दिन **"विज्ञान प्रविधिको उन्नत विकास: प्रकोप र महामारीबाट सहज निकास"** भन्ने आदर्श वाक्यका साथ सप्ताहव्यापी रुपमा मनाउदैं रहेको नवौं राष्ट्रिय विज्ञान दिवस, २०७८ को मूल समारोहको कार्यक्रम नेपाल सरकारका श्रीमान् मुख्य सचिव शंकरदास बैरागीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । भर्चुअल माध्यमवाट सञ्चालन भएको उक्त कार्यक्रमको अध्यक्षता मन्त्रालयका श्रीमान् विज्ञान तथा प्रविधि सचिव सुरेश आचार्यज्यूले गर्नु भएको थियो ।

भर्चुअल कार्यक्रममा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूले विज्ञान दिवसको अवसरमा देशवासीका नाममा दिनु भएको शुभकमना सन्देशको भिडियो प्रशारण गरिएको थियो ।आजको कार्यक्रमका मुख्य वक्ता (Keynote Speaker) को रूपमा काठमाडौं विश्वविद्यालयका पूर्व उपकुलपति प्रा. डा. सुरेश राज शर्मा र अन्य विशेष वक्ताहरूको रूपमा विशिष्ट अतिथि पूर्व मन्त्री गणेश शाह, श्रीमान् शिक्षा सचिव राम प्रसाद थपलिया र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. सुनिल बाबु श्रेष्ठले विज्ञान र प्रविधिको वहुआयामिक विषयहरूमा आ-आफ्ना विचारहरू राख्नु भएको थियो ।

नवौं राष्ट्रिय विज्ञान दिवस, २०७८ को अवसरमा विज्ञान र प्रविधिको क्षेत्रमा विशिष्ट योगदान दिने व्यक्ति तथा संस्थाहरूलाई नगद पुरस्कार तथा कदर पत्र प्रदान गरिएको छ । पुरस्कृत हुने व्यक्तित्व र संस्थाहरुको नामावली यसै साथ संलग्न गरिएको छ ।

नवौं राष्ट्रिय विज्ञान दिवस, २०७८ लाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान गर्नुहुने सम्पूर्ण व्यक्ति तथा संस्थाहरूमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

(दीपक शर्मा)
सहसचिव एवम् प्रवक्ता

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार,

काठमाडौँ, नेपाल ।

## नवौ राष्ट्रिय विज्ञान दिवस २०७८ को अवसरमा नगद पुरस्कार तथा कदर पत्र प्राप्त गर्ने व्यक्ति तथा संस्थाहरूको नामावली ।

| सि.नं. | विधा | व्यक्ति/संस्था | विवरण |
|---|---|---|---|
| १ | विज्ञान पत्रकारिता | श्री मणि दाहाल, हाल कान्तिपुर दैनिक | रु.२५०००/- नगद पुरस्कार र कदर पत्र |
| २ | एरोनोटिकल प्रविधि | १. डा. दिपक प्रसाद बास्तोला | रु.२५०००/- नगद पुरस्कार र कदर पत्र |
| | | २. Department of Mechanical and Aerospace Engineering, Pulchowk Campus | कदर पत्र |
| ३ | अन्तरिक्ष प्रविधि | प्रा. डा. उदयराज खनाल | रु.२५०००/- नगद पुरस्कार र कदर पत्र |
| ४ | जैविक प्रविधि | १. प्रा. डा. प्रकाश घिमिरे, माईक्रोबायोलोजी केन्द्रिय विभाग, त्रि.वि. | कदर पत्र |
| | | २. जैविक प्रविधि केन्द्रिय विभाग, त्रि.वि. | कदर पत्र |
| ५ | विपद् न्यूनिकरण सम्बन्धी प्रविधि | डा. प्रदिप ज्ञवाली, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | रु.२५०००/- नगद पुरस्कार र कदर पत्र |
| ६ | उदियमान प्रविधि | डा. आभाष मास्के, नाष्ट | रु.२५०००/- नगद पुरस्कार र कदर पत्र |

### कदरपत्र प्राप्त गर्नुहुने व्यक्ति तथा संस्थाहरु

१. श्री वि.पी. कोईराला संग्रहालय, सुन्दरीजल

२. श्री शम्भु आचार्य, निरीक्षक, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार

३. श्री महेश श्रेष्ठ, शाखा अधिकृत, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार

४. श्री गिता बस्याल, मेकानिकल ईञ्जिनियर, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार

५. श्री बेद बहादुर भण्डारी, प्राविधिक अधिकृत, वी.पी. कोईराला मेमोरियल प्लानेटोरियम अब्जरभेटरी तथा विज्ञान संग्रहालय, कीर्तिपुर

६. श्री दिनेश कुमार झा, प्रमुख बैज्ञानिक अधिकृत, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटार

७. श्री मुकुल प्रधान, वरिष्ठ बैज्ञानिक अधिकृत, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटार

(दीपक शर्मा)

सहसचिव एवम् प्रवक्ता